# आर्थिक बर्ष २०७६/२०७७ को

# नीति, कार्यक्रम तथा बजेट बक्तव्य

साईपाल गाउँपालिका

काँडा बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति :२०७६/०३/१०

**साईपाल गाउँपालिकाको आ.व. २०७६/०७७ को नीति कार्यक्रम तथा बजेट**

गाउँसभाका अध्यक्ष महोदय

गाउँसभाका सदस्य ज्यूहरु

प्रमुख अथिति ....................ज्यू

विशिष्ट अथिति............... ज्यू

अथिति गण

साइपाल गाउपालिकाको उपाध्यक्ष तथा वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गाउसभा समक्ष आगामी आ.व. २०७६/०७७ को वजेट प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्दित भएको छु । यस अवसरमा संघीय लोकतान्तिक राज्य स्थापनाका लागी जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना भएको ४ वर्ष पुरा भएको छ । नेपालको मुल राज्य संरचनामा संघ, प्रदेश र स्थानीय तह रहेका छन भने यिनै तहले नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानुन वमोजिम प्रयोग गर्दै आएका छन । नेपालको संविधान २०७२ को अनुसुचि ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार संम्बन्धि विषयमा कानुन बनाउने, वार्षिक वजेट बनाउने, नीति बनाउन, निर्णय गर्ने तथा योजना तयार गर्ने र त्यसको कार्यान्ययन गर्ने संबैधानिक व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो वजेट प्रत्येक वर्ष असार १० गते सम्म गाउ सभामा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको छ ।

राज्य पुनर्सरचना संगै नेपालमा स्थापना भएका ७५३ वटा स्थानीय तह मध्ये बझाङ्ग जिल्लामा अवस्थित साईपाल गाउपालिका पनि एक स्थानीय तह हो । ऐतिहासिक साविक काँडाबासीको चरम उत्कर्ष आन्दोलन बाट प्राप्त साविक काँडा गाउपालिका राज्यबाट नामाकरण गरिएता पनि आ.व. २०७४/०७५ को गाउसभाको निर्णय तथा मिति २०७४/०९/२४ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार यस गाउपालिकाको नाम साइपाल हिमालको नामले नामाकरण गरि काँडा गाउपालिका बाट परिर्वतित साईपाल गाउँ पालिका बनाइएको हो । साइपाल गाउपालिका प्राकृतिक स्रोत वनजंगल,बहुमुल्य जडिबुटि यार्चा, हाडेबीस, कटुकि, सतुवा, पदम चारो, पाषाणभेद, धार्मीक स्थल  विभिन्न ठाउमा रहेका लागा मन्दिर, टाडको लागा मन्दिर, पर्यटन तर्फ साइपालका पाटनहरु, साईपाल हिमाल, माझा ताल, राइढुङ्गी फराल खेत झरना, लेन्टर ढुङ्गा रहेका छन भने कृषि तर्फ भौगोलीक विकटताले गर्दा कृषि सम्भावना न्यून बोकेको गाउपालिका हो । जिल्लाको सदरमुकाम बाट ३२ कोष टाढा रहेको विकट गाउपालिका भएकोले सडक यातायातको पहुँच बाट विकट डाँडाकाँडा भएकोले विमुख हुनु परेको छ । यस गाउपालिकाले विगत २ बर्ष देखी संविधान तथा कानुन बमोजिम स्थानीय शासनको अभ्यास गर्दै आएको छ ।

## चालु आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रमको समिक्षा

२०७५ असारमा स्थानीय तहको निर्वाचन भए पश्चात विगत २ वर्ष देखी हामी जनप्रतिनिधीहरुले यस गाउपालिकाको जिम्मेवारी र उत्तरदायित्य बहन गरेका छौ । आ.व. २०७५/०७६ मा कुल आय १४ करोड ६९ लाख ७० हजार ६ सय ७६ रुपैयाँ रहेकोमा कुल खर्च १२ करोड ५१ लाख १४ हजार ४९ रुपया भएको थियो भने केही योजना तथा कार्यक्रमको रकम भुक्तानी लिन बाकी रहेको छ  ।

गत बर्ष २०७५।०७६ मा असारमा सम्पन्न ऐतिहासिक दोस्रो गाउँसभा भएकोले दिर्घकालिन लक्ष्यका साथ नीति कार्यक्रम तथा वजेट पारित गरेका थियौ । आ.व . २०७५/०७६ मा ११ करोड १ लाख ४४ हजार रुपैयाँ  अनुमान संशोधित गरिएकोमा  आर्थिक वर्षको ११

महिनामा १४ करोड ६९ लाख ७० हजार ६सय ७६ रुपया आय भइ हाल सम्म ७ करोड ४२ लाख ३६ हजार ७ सय १० व्यय भएको छ । अधिकांस योजनाहरु काम सम्पन्न भई सकेकाले अन्तिम किस्ता भुक्तानि दिन बाकि देखीयता पनि आ.व. को अत्य सम्म पुजिगत तर्फ सत प्रतिसत पुग्ने अनुमान गरिएको छ । आन्तरीक आय तर्फ २५ लाख अनुमान गरिएकोमा आ.व.को ११ महिनामा ६ लाख ४९ हजार १ सय ५ मात्र आय भइ आन्तरीक आयमा ३० प्रतिसत प्रगति भएको छ ।

चालु आ.व. २०७५/०७६ मा लिएका नीति तथा कार्यक्रमबाट गाउपालिकाको आर्थिक तथा सामाजिक विकासका पूर्वाधारहरुमा महत्वपूर्ण उपलब्धीहरु हाँसिल भएका छन । पूवाधार विकास तर्फ नाङना डाडामा टेलिफोन टावर निर्माण भई घरघरमा टेलिफोन सेवा पुऱ्याइएको छ । वडा नं. ५ मा वर्थिङ सेन्टर स्थापना भई बर्थिङ सेवा संचालनमा ल्याइएको छ । त्यसैगरी एक वडा एक स्वास्थ्य चौकी अवधारणका साथ स्वास्थ्य सेवा संचालन भएका स्थानहरु वडा नं. १, २, ४ र ५ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि उक्त संस्थाको नाममा जग्गा पास गरि भवन निर्माणको लागि निर्माण व्यवसायीको टेन्डर स्वीकृत गरिएको छ । यसैगरी वडा नं. ३ मा गाउपालिकाबाट काया खोला विद्युत संचालनमा ल्याउनै लागिएको छ । विभिन्न विद्यालयको सुधार उन्मुख अवस्थामा ल्याएको छ । महिला, दलित, जनजाति, युवा बर्ग, बालवालिकाका लागि विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिएको छ । त्यसै गरि स्थानीय चाडवाडको संरक्षण तथा सर्म्बधन गर्ने कार्य भएको छ । विभिन्न बस्ति जोखिमबाट जोगाउन विभिन्न स्थानमा भलकुला निर्माण गरिएका छन । विभिन्न स्थानमा काठेपुल निर्माण भएका छन । विभिन्न वनहरुमा वृक्षारोपण गरिएको छ । यसै आ.वमा झोलुङ्गे पुल रामखोला, लोकन्तेखोला र थरुनीघाटको लागत अनुमान तयार पारिएको छ । विभिन्न योजनाहरुको निर्माण कार्य गरिएको छ जस्तै सिमा प्रहरी चौकी गोल घर, गाउँपालिका गुरुयोजना निर्माण, उपभोक्त समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम, धलौन मञ्च निर्माण, काँडा मावि भवन निर्माण, द्धोतले काठेपुल निर्माण,

भवानी प्रावि धारा र शौचालय निर्माण, सूर्मा देवी मन्दिर निर्माण, गनै देखी नाङना सम्म बाटो निर्माण, धलौन मावि घेरवार निर्माण, काला लागा मन्दिर निर्माण, मैनाकाडा सामुदायीक वनमा वृक्षारोपण, प्रौढ कक्षा संचालन, सुधारीएको घट्ट निर्माण, थरुनीघाट र रामरामतिमा काठेपुल निर्माण, सैनगाउ र लाफडीमा खानेपानी निर्माण, विभिन्न स्थानहरुमा बाटो निर्माण , धुलीमा खेल मैदान निर्माण, अस्थाई खाद्य डिपो स्थापनागरि २००० क्वीन्टल १ देखी ५ वडा सम्म सहजताल्याई न्यूना वलौडी र धुलीमा खाद्यानको ढुवानीको व्यवस्था गरिएको छ । त्यसैगरि आर्थिक स्थिति कमजोर १०५ जना घर परिवारलाई सुधारीएको धुवा मुक्त फलामे चुलो वितरणका लागि तलकोट गाउपालिकाको स्याडा सम्म ढुवानी गरि सकिएको छ र बाकि परिवारलाई वडा बाट तथ्याङक संकलन गरी सुधारीको फलामे चुलो वितरणको लागि व्यवस्था गरिने छ । साईपाल गाउपालिका वडा नं. ५ बलौडि र कायामा बाल शिशु कक्षा स्थापना गरि पठनपाठन सुरुवात गरीको छ । सुद्ध पीउने पानी सुद्धिकरणको लागि साईपाल गाउपालिका वडा नं. १ देखी ५ सम्मका प्रतेक घर परिवार र संघ संस्थालाई १६ लिटरको फिल्टर वितरणको लागि तलकोट गाउपालिका वडा नं. ४ स्याडा सम्म पुऱ्याइएको छ । त्यसैगरी धलौन माविमा छात्रा छात्र शौचालय निर्माण र धुली निमाविमा कम्प्युटर कक्षा संचलानको लागि कम्प्युटर खरिद गरी कम्प्युटर कक्षा संचालको लागि व्यवस्था गरिएको छ । यसै गरी धुली निमाविको घेरवार तथा ४ कोठ पक्कि पिल्लरवाला भवनको लागि निर्माण व्यवसायीको टेण्डर स्वीकृत गरिएको छ । ओषधीको सुगमताका लागि गाउपालिकाबाट औषधी खरिद गरि ४वटै स्वास्थ्य संस्थामा औषधीको व्यवस्था गरिएको छ । नागरीकता लिन छुट भएका व्यक्तिहरुका लागि प्रतेक वडामा एकिकृत घुम्ति सिविर संचालन गरिएको छ जसबाट १७८ जनाले घरदैलोमै नागरिकता प्राप्त गरेका छन भने जनाताको ४४लाख ५० हजार रुपया बचत भएको छ । त्यसैगरि खोरेत रोग लागेका भेडा बाखाहरुलाई प्रतेक घरघरमा गई भ्याक्सिन दिने काम गरिएको छ । कृषि कार्यलाई बढवा दिन उन्नत तरकारीको विउ वितरण, गुराँउस खे ती र धुली र

बलौडी लाई फापर पकेट क्षेत्र निर्माण गर्न उन्नत जातको फापरको विउ वितरण गरिएको छ । त्यसै गरि प्रतेक वडामा सिचाइको लागि प्लाष्टिक पोखरीको निर्माण गरिएको छ । महिलाहरुलाई स्वरोजगार वन्नका लागि वडा नं. १ र २ मा ३ महिने राडि पाखी तालिम प्रदान गरिएको छ । त्यसै गरि गाउ शैक्षिक क्यालेण्डर निर्माण गरी शैषिक नीति तर्जुमा, स्वयमं सेवक सिक्षक सम्वन्धि कार्यविधि २०७५ ल्याई निजी स्रोतका शिक्षकहरुलाई गाउपालिकाको आन्तरीक राजश्बाट तलव भत्ता खुवाउने व्यवस्था गरिएको छ। बाल कक्षा, प्रावि, निमावि र माविका शिक्षकहरुलाई तालिमको व्यवस्था गरिएको छ । आ.व. २०७५।०७६मा तपालिका १६ वटा ऐन नियम र कार्यविधि पारित गरी जनताको काममा सहजता ल्याइएको छ।

**तपसिल**

१.सहकारी ऐन २०७५

२.सहकारी नियमावली २०७५

३. घ वर्गको निर्माण व्यवसायी कार्यविधि २०७५

४.संवम सेवक शिक्षक सम्बन्धि कार्यविधि २०७५

५.वजार अनुगमन निर्देशिका २०७५

६.एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि २०७५

७.विप्द जोखिम न्यूनिकरण व्यवस्थापन विधेयक २०७५

८.आपतकालिन कार्य संचालन कार्यविधि २०७५

९.न्यायीक समितिले उजुरीको किनार गर्दा अप्नाउनुपर्ने कार्यविधि २०७५

१०.बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

११.बालगृह संचालन कार्यविधि २०७५

१२. अपाङ्गता भएका व्यक्ति परिचय पत्र वितरण कार्यविधि २०७५

१३. साईपाल गाउँपालिका नगर प्रहरी कार्यविधि २०७६

१४. साईपाल गाउपालिका विनियोजन विधेयक २०७६

१५.अनाथ, असहाय र अपाङ्ग बालवालिका निःशुल्क शिक्षा कार्यविधि २०७६

१६. साईपाल गाउँपालिका विनियोज ऐन २०७६

विकासमा जन सहभागिताको परिचालन र गाउघरका समस्याहरुको दिनप्रति दिन समाधान हुदै गरेकाले स्थानीय तहको सरकार प्रति जनताको विश्वास भरौसा वृद्धि भएको छ । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान साईपाल गाउपालिकाको गाउ सरकारलाई विकास र संवृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठुलो प्रेरणा र हौशला मिलेको छ ।

तथापि स्थानीय सरकारको दोस्रो वर्ष भएकाले हामी जनप्रतिनिधिहरुको अनुभवमा कमि , दरबन्दि अनुसार कर्मचारीहरुको परिपूर्ती नहुनु, स्रोत परिचालनको न्यून अवस्था, संस्थागत विकासमा कमि, नयाँ कानुन तथा कार्यविधिहरु बनाउदै काम गर्नु पर्ने स्थिति, जन सहभागिताको कमि, भौगोलिक विगटता, यातायात अभाव , सामान ढुवानीमा समस्या सबै कुरामा गाउपालिकाको मुख ताक्नु पर्ने प्रवृति आदि विविध समस्याहरुले ठोस उपलब्धी हासिल हुन कठिनाई भएको हो । यि पक्षहरुलाई आगामी वर्षमा सुधार गर्दै जानु पर्ने आवश्यकता छ ।

## आगामि आर्थिक वर्ष २०७६/०७७ को नीति वजेट तथा कार्यक्रम

## सोच, लक्ष्य, उद्देश्य :

यस गाउपालिकाको दिर्घकालिन सोच **“साइपाल गाउबासिको परिकल्पना अध्यारो मुक्त गाउपालिका हाम्रो चाहाना” , “साइपाल गाउबासिको परिकल्पना स्वच्छ,संवृद्ध, निरक्षर गाउपालिका हाम्रो चाहाना ”** रहेको छ । आर्थिक तथा सामाजिक विकास द्धारा मानब विकास सुचांकमा सुधार पूवाधार सहितको सम्पन्न गाउका रुपमा विकसित गरि संवृद्ध गाउँ , संवृद्ध गाउवासि बनाउन यस नीति वजेट तथा कार्यक्रमको पहिलो लक्ष्य रहेको छ ।

**आगामि आर्थिक वर्ष २०७६/०७७ वजेटका उद्देश्यहरु :**

१. गाउका लागि आधारभुत शिक्षाको पूर्वाधारको विकास गर्नु

२. शिक्षा,स्वास्थ्य,पोषण लगायतको विकास गरि मानव विकासको स्तरमा सुधार ल्याउनु ।

३. कृषि तथा पसु विकासको माध्यमबाट उत्पादन वृद्धि गरि आय बृद्धि गर्नु ।

४. लैगिक तथा सामाजिक समावेसिकरणको विकास गर्नु ।

५. जनतालाई सरल सेवा प्रवाह र सुशासनको प्रत्याभुति दिलाउनु ।

६.यातायातको पहुचबाट टाढा रहेको वस्तिलाई सडक मार्ग संग जोड्नु ।

७ साईपाल पदमार्गको विकास गरि पर्यटकहरुको आगमनमा बृद्धि गर्नु

८ संचालनमा रहेका होमस्टेहरुको स्तर उन्नति गर्नु

९. सामाजिक सामावेशीकरणको माध्यमबाट मानब संसाधनको विकास गर्नु

१० प्रतेक वडालाई उज्यालो वनाउनु

**वजेटको उद्देश्य परिपुर्ति गर्न देहायका विषयलाई प्राथमिकता दिएको छ :**

१.शिक्षा पूर्वाधारको विकासमा सहयोग पुग्ने ।

२. आर्थिक तथा सामाजिक रुपमा पछाडी पारिएका वर्गको उत्थान गर्ने ।

३. उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्ने ।

४. लैगिक तथा सामाजिक समावेसिकरणको वृद्धि गर्ने ।

५. दिगो विकास वातावरणिय संरक्षण तथा संरक्षण गर्न सघाउ पुग्ने ।

६. शिक्षा, स्वास्थ्य तथा पोषण जस्ता सामाजिक पक्षको सुधार गर्ने ।

७. सुशासन तथा सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता हुने ।

८. आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पूऱ्याउने ।

**वार्षिक वजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा कार्यक्रमहरु**

आ.व.२०७६/०७७ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिएको छ ।

१. नेपालको संविधान २०७२

२. स्थानीय सरकार संचालन ऐन २०७४

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

४.अन्तर सरकारी वित व्यवस्थापन ऐन २०७४

५.नेपाल सरकारको आवधिक विकासका योजना

६. उपलब्ध स्रोत साधन

७. विकास का अन्तर संबन्धित विषयहरु

८. गााउँ विकासको विद्यमान अवस्था र मानव विकास सुचांक

**९. स्थानीय जनताका आकांक्षा र आवश्यकता**

वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन बमोजिम संघ र प्रदेश सरकारबाट प्राप्त वजेट सिमा, स्रोत अनुमान तथा वजेट

सिमा निर्धारण, वस्ति तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, वजेट तथा कार्यक्रम तर्जुमा गाउकार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्विकृत गरि कानुनले तोकेको समय असार १० गते भित्र यस गाउँसभामा प्रस्तुत गरिएको छ ।

**वार्षिक वजेट तथा कार्यक्रम तजुर्मा गर्दा देहाय वमोजिमका समष्टिगत नीतिहरु अवलम्बन गरिएको छ ।**

१. स्थानीय सरकार संचालन ऐन २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सहयोग पुऱ्याउने ।

२. साविक नेपाल सरकारबाट संचालन हुदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कार्यक्रमहरुलाई निरन्तरता दिने ।

३.शिक्षा,स्वास्थ्य जस्ता आधारभुत सेवाहरु  संचालन गर्ने कार्यक्रमहरुलाई गाउपालिकाले अपनत्व हुनेगरि प्रभावकारी रुपमा संचालनमा ल्याउने ।

४. स्रोत साधन वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत समुदाय गत र वातावरणीय संतुलन कायम गरिने ।

५. विकास योजनाहरुलाई प्रभावकारी उपलब्धी मुलक बनाउन आयोजना संख्या सिमिति गरि ठुला तथा गाउपालिका स्तरिय गौरबका आयोजनाहरु संचालन गर्ने । वडा लाई वडाको जनसख्या, क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत वजेट कार्यक्रम उपलब्ध गराइने छ ।

६. आन्तरिक आय सरहको राजश्व बाडफाड र आन्तरिक आयबाट मात्र चालु खर्च व्यवस्थापन गर्ने ।

७. लैगिक समानता तथा सामजिक समावेसिकरणलाई विकास योजनाका हर चरणमा सहभागिता गराउने ।

८. गाउको विकासमा विभिन्न सरकारी तथा गैरसरकारी र नीजि क्षेत्रको लगानिलाई प्रोत्साहन गरिने ।

९. विकास निर्माण को कार्यका लागि जनताको सहभागिता र सुनिश्चित गरिने ।

१०. स्थानीय तहले बहन गनुपर्ने अनिवार्य दायीत्वका विषयहरु बहन गर्ने

**क्षेत्रगत नीतिहरु**

१. आर्थिक विकास

क) धार्मिक तथा पर्यटन विकासका लागि प्रचार प्रसार गरिने छ ।

ख) सुषुप्त अवस्थामा रहेका साइपालका पाटन, माझा ताल, राइढुङ्गी फराल खेत झरना, लेन्टर ढुङ्गा, सेति नदिको झरना, तपोवन आदिको प्रचार प्रसारमा विशेष पहल गरिने छ ।

ग) पशु स्वास्थ्यसेवा विस्तार गरि पशुजन्य धनको संरक्षण गरिने छ ।

घ) बालीनाली उत्पादन तथा जैविक विविधतामा संरक्षण गरि मौरीपालन व्यवसायलाई व्यवसायीक वनाइने छ ।

ङ) राडी पाखी, उन प्रशोधन केन्द्र स्थापानका लागि विशेष पहल गरिने छ ।

च) परम्परागत रुपमा अपनाउदै आएको भेडा तथा बाख्रा पालनलाई निरन्तरता दिई भेडा बाख्रा पालनमा विशेष जोड दिइने छ ।

छ) आलु खेतिको अझ वढी विस्तारकालागि आलु पकेट क्षेत्र निर्माणका लागि विशेष जोड दिइने छ ।

ज) उन्नत जातको सिमि तथा स्थानीय गुराँस खेतिको विस्तारमा जोड दिइनेछ ।

झ) वडा नं. ४ र ५ मा फलफुल तथा स्याउ ब्लक क्षेत्र निर्माण गरिने छ ।

## २. सामाजिक विकास क्षेत्र

क) विद्यालयमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी वनाई सबै बालबालिबालाई विद्यालय शिक्षाको दायरामा ल्याइने छ ।

ख) विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण, असहाय अपाङ्ग तथा फरक क्षमता भएका जेहेन्दार  गरिब विद्यार्थीहरुलाई छात्रबृतिको व्यवस्था गरिने छ ।

ग) प्रत्येक वडामा प्रौढ कक्षा संचालन गरि साक्षर गाउपालिका घोषण गरिने छ ।

घ) शैक्षिक गुणस्तर सुधार्नका लागी शिक्षकहरुलाई आवश्यक सुझाव सल्लाह तथा समझ्दारीबाट अगडि बढिने छ ।

ङ) ससर्त स्वास्थ्य कार्यक्रमबाट औषधि खरिदमा विनियोजित वजेट कम भएकाले गाउपालिकाबाट थप औषधी खरिद गरि उपलब्ध गराइने छ ।

च) स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टरमा २४ सै घण्टा सेवा संचालन गरिने छ ।

छ) दुईवटा सन्तान इश्वरका बरदान भनेझै प्रजनन उमेरका दम्पत्तिहरुलाई निशुल्क प्रजननका साधनहरु उपलब्ध गराइने छ ।

ज) ऐतिहासिक तथा धार्मिक स्थल, भाषा संस्कृतिको जगेर्ना गरिने छ ।

झ) महिला वालवालिका तथा जेष्ठ नागरिक अपाङ्ग, दलित आदिवासि जनजातिको लैगिक समानता तथा समावेशीकरणमा जोड दिइने छ ।

ञ) युवाहरुका लागि सिप तथा उद्यमसिलता विकास कार्यक्रम अवलम्वन गरिने छ ।

ट) धुलेली भाषाको संरक्षण तथा संबर्दन गरिने छ ।

ठ) महिला, किसोरी र बालबालिकामा सुधार ल्याउन बहु क्षेत्रिय कार्यक्रमलाई उच्च प्राथमिता दिइने छ ।

ड) महिलाहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता अभिवृद्धि गरिनेछ ।

ढ) विद्यालयको भौतिक पूर्वाधार सुधारमा जोड दिइने छ ।

**३. पूर्वाधार विकास**

क) यस वर्ष सडक मार्गमा जोड्नको लागि जाड्लेख काँडा सडक निर्माण तथा डोजर खरिद गरिने छ ।

ख) विभिन्न विद्यालयको भवन निर्माण गरिने छ ।

ग) गड्घट्ट लजवीको निर्माणका लागि निरन्तरता दिइने छ ।

घ) विभिन्न खोलाहरुमा काठे पुलको निर्माण गरिने छ ।

ङ) सौर्य उर्जा प्रविधि तथा वायो उर्जा प्रविधीको प्रयोगमा जोड दिइने छ ।

च) जाड्लेख धलौन काँडा धुली बलौडी न्यूना सडक निर्माण कार्यको द्रुर्त गरिने छ ।

छ) चैनपुर साईपाल ताक्लाकोट सडक निर्माण कार्य मन्द गतिमा भइरहेकाले उक्त रोड द्रुत गतिमा निर्माण गर्नको लागि सम्बन्धित निकायको ध्यान आकर्षण गराई पहल गरिने छ ।

ज) यस वर्ष थरुनीघाट, रामखोला झो.पु.को निर्माणको निर्माण गरिने छ ।

झ) राइढुङ्गी, माझा, चाल्ना वन, औला गाड, फराल खेत, साइपाल, स्यामवन, गुदपाल आदि विभिन्न यार्सा तथा जडिबुटि पाइने क्षेत्रहरुमा बाटो घाटो तथा काठे पुलको निर्माण गरिने छ ।

**४. वन वातावरण तथा विपद व्यवस्थापन**

क) विभिन्न सामुदायीक वनहरुमा वृक्षारोपण गरिने छ ।

ख) लासीमा तट्बन्धनको कार्य भइरहेको छ ।

ग) वडापालिका तथा गाउपालिकामा जोखिम न्यूनिकरण व्यवस्थापन कोष खडा गरिने छ ।

**५. सुशासन तथा संस्थागत विकास क्षेत्र**

क) सार्वजनिक सुनवाइ तथा सामाजिक परिक्षण गरि सुशासन कायम गरिने छ ।

ख) उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमताविकास तालिम दिइने छ ।

ग) वडा कार्यालय तथा गाउपालिकामा नागरिक बडापत्र, सुझाव पेटिका  सूचना पाटि राखिने छ । जसबाट सेवा प्रबाहमा थप बल पुग्ने छ ।

घ) जनतासंग जनप्रतिनिधी कार्यक्रम मार्फत जनताको सु:ख दु:ख बुझ्न प्रत्येक घर दैलोमा पुगिने छ।

ङ) अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरि विकासमा सबै पक्षहरुको सहयोग परिचालन गरिने छ ।

च) यस आर्थिक वर्ष देखी एकीकृत सम्पत्ती कर लागु गरिने छ ।

छ) गाउपालिका तथा वडा कार्यलयको संस्थागत विकास गरिने छ ।

ज) न्यायीक समितिलाई क्रियासिल बनाइ मेलमिलापको माध्यमबाट  छिटो छरितो सर्वसुलभ न्याय पाउने व्यवस्था मिलाइएको छ ।

## कार्यक्रम तथा वजेट विनियोजन

आगामि आर्थिक वर्षका लागि लिइएका माथि उल्लेखीत क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्ययन गर्न १५ करोड १४ लाख ५५ हजार ७ सय ८० रुपैया वजेट विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ ३ करोड ५० लाख र पुजिँगत तर्फ ८ करोड ३३ लाख ४० हजार, सर्सत अनुदान तर्फ कृषि ,शिक्षा, पशु, स्वास्थ्यमा ३ करोड ९ लाख, पर्वतारोहण तर्फ ४८ हजार ६सय ८१ रुपैया, संरक्षित वन तर्फ ६लाख ३२हजार ९९रुपैया, सामाजिक सुरक्षा कार्यक्रम तर्फ ६३ लाख, गरिविसंग विशेश्वर कार्यक्रम तर्फ ४लाख २९ हजार, पोषण तर्फ १२ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

## स्रोतको व्यवस्था

आगामी आर्थिक वर्षका लागि  अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक आय ६८ लाख७५ हजार, केन्द्रिय अनुदान समानिकरण ६ करोड ८० लाख, प्रदेश समानिकरण १ करोड, सर्सत अनुदान ३ करोड ९ लाख, राजश्व बाडफाड ३ करोड ५० लाख, पर्वतारोहण ४८ हजार ६ सय ८१ , संरक्षित वन तर्फ ६लाख ३२ हजार ९९,  सामाजिक सुरक्षा कार्यक्रम तर्फ ६३ लाख, गरिवि संग विशेश्वर कार्यक्रम  ४ लाख २९ हजार ,पोषण १२ लाख ५० हजार गरि जम्मा १५ करोड ७८ लाख ९९हजार ७ सय ८० विभिन्न कार्यक्रम बाट खर्च व्यहोर्ने व्यवस्था मिलाएको छु ।

## अन्त्यमा

अध्यक्ष महोदय,

गाउँको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासमा सहयोग पुऱ्याउने साईपाल गाउँपालिकाबासिहरु, बुद्धिजिबी, समाजसेबी एवम सम्पुर्ण सरोकारवाला व्यक्तिहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु । साथै यो वजेट तथा कार्यक्रम कार्यान्वयनमा सबैपक्षको चौतर्फी सहयोग रहने अपेक्षा गरेको छु ।

# धन्यबाद